# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०६८/०६९
चलानी नं. :

## प्रेश विज्ञप्ती

धितोपत्र कारोबारलाई थप व्यवस्थित गर्न, आधुनिक शेयर कारोबार एवं राफसाफ तथा फर्छ्यौट प्रणालीलाई विद्युतीय माध्यमबाट केन्द्रीय निक्षेप सेवाको स्थापना तथा संचालन गर्न सिडिएस एण्ड क्लियरिङ्ग लि. को मिति २०६७/९/७ गते विधिवत दर्त्ता भई प्रथम वर्ष पूरा गरेको छ ।

यस कम्पनीको प्रमुख उद्देश्य शेयर, डिबेन्चर, ऋणपत्र, स्टक तथा अन्य धितोपत्र जिम्मामा लिने र धितोपत्र कारोबार विद्युतीय रुपमा अभिलेख राखि प्रमाणपत्र रहित कारोबार प्रणाली सहज गर्ने एवं धितोपत्र वा उपकरणहरुको नामसारी वा खातामा अभिलेख गर्ने जस्ता प्रमुख कार्यहरु गर्नु रहेका छन् ।

कम्पनीको अधिकृत पूँजी रु.५० करोड र चुक्ता पूँजी रु.३० करोड रहेको यस संस्थामा नेपाल स्टक एक्सचेन्ज लि. को शतप्रतिशत लगानी रहेको छ ।

कम्पनीले आफ्नो उद्देश्य अनुरुप सेवा संचालन एवं व्यवस्थापन गर्न कार्यालयको स्थापना गरी निक्षेप सेवा प्रदान गर्न आवश्यक हार्डवेयर जडान गरी कम्पनीका लागि निर्मित सेन्ट्रल डिपोजिटरी एकाउन्टिङ्ग व्यवस्था (सिडास) को सफ्वेयर प्रयोग समर्थन परीक्षण कार्य समेत सम्पन्न गरी सकेको छ । कारोबार संचालन गर्न आवश्यक धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली बनाई नियमनकारी निकाय नेपाल धितोपत्र बोर्ड समक्ष स्विकृतीका लागि पठाई सकिएकोले उक्त विनियमावली निकट भविष्यमा नै स्विकृत भई प्राप्त भए पश्चात कम्पनीले कागजी अवस्थामा रहेको भौतिक धितोपत्रलाई विद्युतीय प्रणालीमा अभिलेख राखिने (डिम्याट) कार्य शुभारम्भ गर्ने कार्यक्रम राखेको छ । यसै गरी धितोपत्रका विभिन्न उपकरण (Instrument) हरुको नामसारी वा खातामा अभिलेख गर्न आवश्यक विनियमावली बनाउने कार्य भई रहेकोले यसका लागि निर्मित Software प्राप्त गरी धितोपत्रको नामसारी तथा हस्तान्तरणको कार्य संचालन गर्नेछ । निक्षेप सेवा संचालन गर्न सदस्यता प्रदान गर्ने, निक्षेप सदस्य, निष्काशन तथा हस्तान्तरण प्रतिनिधि, निष्काशन कम्पनीसँग सम्झौता गर्ने कार्यक्रम रहेको छ ।

कम्पनीको धितोपत्र केन्द्रीय निक्षेप प्रणाली संचालनमा ल्याउन CDS Software सम्बन्धी ज्ञान तथा केन्द्रीय निक्षेप सेवा सम्बन्धी जानकारी दिन सरोकारवाला नेपाल स्टक एक्सचेन्ज लि. लगायत सम्भावित व्यवसायी संगठित संस्थाहरु निक्षेप सहभागी (Depository Participants (DP)), Registrar and Transfer Agent (RTA) हरुलाई सम्बन्धित विज्ञहरुबाट तालिम दिने कार्य सम्पन्न गरी सकेको छ ।

यस कम्पनीलाई भारतीय सरकारको प्राविधिक सहयोग प्राप्त छ भने यस कार्यका लागि Central Depository Services (India) Ltd. मुम्बईको परामर्श तथा अन्य सहयोगहरु प्राप्त भएको छ ।

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
**Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.**
**Tel.: 4101593**
**Website: http://www.cdscnp.com**

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited


पत्र संख्या : २०६८/०६९
चलानी नं. :

कम्पनीले केन्द्रीय निक्षेप सेवा संचालन गर्न पूर्वाधार समेत तयार गरी नेपाल धितोपत्र बोर्डबाट मिति २०६८/५/७ गतेका दिन संचालन अनुमति प्राप्त गरी सकेको छ। कम्पनीको संचालन पछि धितोपत्रहरुको अभौतिकीकरण प्रक्रिया मार्फत् विद्युतीय हस्तान्तरण सहज हुनेछ । यसले धितोपत्रहरुलाई विद्युतीय रुपमा राख्ने तथा कागजी झन्झट बिना, धोखाधडी र जालसाजीबाट मुक्त कारोबार एवं हस्तान्तरणलाई सुनिश्चित गर्ने छ । यस बाहेक सबै बजारका सहभागीहरुलाई विद्युतीय रुपमा धितोपत्रहरुको फर्छ्यौट एवं राफसाफ सेवा, प्रमाणपत्रहरु हराउने तथा क्षय हुने जस्तो समस्याहरुको निराकरण हुने, धितोपत्रहरुको हस्तान्तरणको जोखिम व्यवस्थापनको दायरामा विस्तारमा थप सहयोग पुग्ने, लगानीकर्ता, शेयर दलाल तथा अन्य सरोकारावाला बीच सौहार्दपूर्ण व्यवसायिक सम्बन्धको प्रवर्द्धन, साथै धितोपत्रहरुको द्रुत नामसारीबाट बजारमा पर्याप्त तरलता प्रदान हुने एवं कारोबार संचालन पश्चात आधुनिक बजारको कारोबारमा समग्र विकाशमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

मिति : २०६८/९/७